कृषक अधिकार र बिरुवाको जात संरक्षणको लागि व्यवस्था गर्न बनेको विधेयक
कृषक अधिकार र बिरुवाको जात संरक्षण ऐन २०७५

**प्रस्तावनाः**
कृषि विकास, दिगो खाद्य सुरक्षा तथा कृषि जैविक विविधता संबर्द्धन एवं प्रवर्द्धनका लागि बिरुवाको जातको विकास तथा संरक्षण गर्न, नेपालले अन्तरर्राष्ट्रियस्तरका डब्लु. टि.ओ., जैवीक विविधता महासन्धी, खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोत सम्वन्धि सन्धीको सदस्यता लिने क्रममा व्यक्त गरिएका प्रतिवद्धता एवं सहमती कार्यान्वयन गर्न र यस क्षेत्रमा अनुसन्धान, लगानी तथा प्रविधि हस्तान्तरणलाई प्रोत्साहित गर्दै कृषक र प्रजनकका अधिकार सुनिश्चित गर्नका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले सङ्घीय संसदले यो ऐन बनाएको छ।

**परिच्छेद-१**
**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस ऐनको नाम “कृषक अधिकार र बिरुवाको जात संरक्षण ऐन, २०७५” रहेको छ।
१.२ यो ऐन नेपालभित्र तोकिएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:**
२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो ऐनको प्रयोजनका लागि:

२.१.१ “बिरुवा” भन्नाले वनस्पतीय वर्गीकरण अन्तर्गतका जीव सम्झनु पर्छ।
२.१.२ “बिरुवाको जात” भन्नाले बिरुवाको प्रजाती अन्तर्गत स्पष्ट र अलग पहिचान भएको बिरुवाको एकाई सम्झनुपर्छ । सो शब्दले स्थानीय जात, कृषकको जात, बिरुवाको (प्रजनकको) नयाँ जात, अत्यावश्यकीय रुपमा प्राप्त गरिएको जात र वंशानुगतरूपमा परिवर्तित जात समेतलाई जनाउँछ।
२.१.३ “बिरुवाको प्रजाती” भन्नाले वनस्पतीय वर्गिकरण अन्तर्गतका प्रजाती सम्झनु पर्छ।
२.१.४ “विस्तार्य पदार्थ” भन्नाले मौलिक वंशानुगत गुण भएको बिरुवा उत्पादन गर्न सक्षम बीऊ वा विरुवाको कुनै भाग वा त्यसमा रहेको पदार्थ समेतलाई सम्झनु पर्छ।
२.१.५ “बीऊ” भन्नाले माऊ बिरुवाको गुण भई बिरुवा पुनरोत्पादन गर्ने बिरुवाको जीवित भ्रुण वा अंग समेतलाई सम्झनु पर्छ।
२.१.६ “बिरुवाको नयाँ जात” भन्नाले नौलोपना, स्पष्ट पहिचान, एकरूपता र स्थायित्वको गुण भई यस ऐन बमोजिम दर्ता भएको बिरुवाको नयाँ जात सम्झनु पर्छ।
२.१.७ “वंशानुगतरूपमा परिवर्तित बिरुवाको जात” (Genetically Modified Plant Variety) भन्नाले वंशानुगत संरचना परिवर्तन पद्धति (Genetic Engineering) द्वारा बंशाणु परिवर्तन, पुनर्संयोग र हस्तान्तरण गरिएको बिरुवाको जात सम्झनु पर्छ।
२.१.८ “मूलतः माऊ जातबाट प्राप्त गरिएको जात” (Essentially Derived Variety) भन्नाले माऊ जातबाट प्राप्त गरी देहायको गुण विद्यमान रहेको जात सम्झनु पर्छ:
(१) मूलतः माऊ जातको वंशानुगत संरचना कायम गरी प्राप्त गरिएको,
(२) प्राप्त गरिने क्रममा आउने भिन्नता बाहेक माऊ जातको मूल वंशानुगत गुण कायम गरी प्राप्त गरिएको, र
(३) माऊ जातबाट स्पष्टरूपमा छुट्याउन सकिने।
२.१.९ “प्रजनन” भन्नाले बिरुवा सुधार वा विकास गर्ने उद्देश्यले वंशानुगत संरचनामा परिवर्तन गरेर वा छनौट गरेर बिरुवाको नयाँ जात सिर्जना गर्ने वा विकास गर्ने कार्य सम्झनु पर्छ।
२.१.१०“प्रजनक” भन्नाले बिरुवा प्रजनन गरी नयाँ जात सिर्जना गर्ने वा विकास गर्ने व्यक्ति, संस्था वा कृषक र कृषक समुदाय सम्झनु पर्छ।
२.१.११ “कृषक” भन्नाले भन्नाले कृषि कार्य मार्फत कृषि आनुवंशिक पदार्थ र स्रोत तथा परम्परागत ज्ञानको पहिचान, संरक्षण, सम्बर्द्धन, विकास र उपयोग गर्ने व्यक्ति वा तिनको समुदायलाई सम्झनु पर्दछ।

२.१.१२ "कृषक अधिकार" भन्नाले कृषकले वा कृषक समुदायले वीउ वीजन, वेर्ना, सीमेन, वीर्य, अण्डा, भ्रुण संरक्षण र उत्पादन गरे पश्चात वीउ जोगाउने, उपयोग गर्ने, साटासाट गर्ने तथा बेचविखन गर्न र कृषिजन्य आनुवंशिक स्रोतसङ्ग सम्बन्धित परम्परागत ज्ञानलाई संरक्षण गर्न पाउने अधिकारलाई सम्झनु पर्दछ । यसको साथै, आनुवंशिक स्रोतको उपयोगवाट आर्जित लाभको उचित र समन्यायिक वितरणमा सहभागी हुन पाउने र आनुवंशिक संरक्षण र दिगो उपयोगसम्बन्धमा राष्ट्रियस्तरमा गरिने निर्णय प्रक्रियामा संलग्न हुन पाउनेलाई समेत सम्झनु पर्छ ।

२.१.१३ "कृषकको जात" भन्नाले स्पष्ट पहिचान, एकरूपता र स्थायित्वको गुण कायम गरी कृषकले यस ऐन अन्तर्गत दर्ता गरेको बिरुवाको जात सम्झनु पर्छ ।

२.१.१४"स्थानीय जात" भन्नाले परापूर्वकालदेखि स्थानीय कृषक समुदायको ज्ञान वा जानकारी वा प्रयोगमा रहेका, वा देशको कुनै भूभागमा रहेका परम्परागत बिरुवाका जात सम्झनु पर्छ ।

२.१.१५ "परम्परागत ज्ञान" भन्नाले परापूर्वकालदेखि आनुवंशिक स्रोत वा पदार्थको पहिचान, संरक्षण, सम्बर्द्धन, विकास र उपयोगबारे स्थानीय कृषक वा समुदायमा निहित ज्ञान, सीप, खोज, प्रविधि वा अभ्यासलाई सम्झनु पर्दछ ।

२.१.१६ "पूर्व सूचित सहमती" भन्नाले कृषि आनुवंशिक स्रोत वा पदार्थको पहुँच र उपयोगका लागि सम्बन्धित स्थानीय व्यक्ति, समुदाय वा समितिसङ्ग पूर्ण र सही सूचनाको आधारमा लिइने पूर्व सूचना सहमती सम्झनु पर्दछ ।

२.१.१७ "जातको नामाकरण" भन्नाले बिरुवाको कुनै जात वा सो विस्तार गर्ने पदार्थ वा अत्यावश्यकीय रूपमा प्राप्त गरिएको जात वा सो विस्तार गर्ने पदार्थ समेतलाई पहिचान गर्न देवनागरी वा अंग्रेजी भाषामा लेखिएका अक्षरहरुको समूह वा अक्षर र अंकको समूहलाई जनाउँछ ।

२.१.१८ "दर्ता" भन्नाले बिरुवाको नयाँ जात र कृषकको जात र सम्बन्धित परम्परागत ज्ञानको संरक्षणको लागि यस ऐन बमोजिम गरिने दर्ता सम्झनु पर्छ ।

२.१.१९ "दर्ता किताब" भन्नाले यस ऐन बमोजिम बिरुवाको नयाँ जात र कृषकको जात र सम्बन्धित परम्परागत ज्ञान दर्ता गर्ने प्रयोजनका लागि खडा गरिएको किताब सम्झनु पर्छ ।

२.१.२० "स्वामित्वको प्रमाणपत्र" भन्नाले यस ऐन बमोजिम बिरुवाको जात दर्ता गराउने प्रजनक र कृषकलाई दिईने स्वामित्वको प्रमाणपत्र सम्झनु पर्छ ।

२.१.२१ "अग्राधिकार" भन्नाले यस ऐन अन्तर्गत नयाँ जात संरक्षण गरी पाउन निवेदन दिँदा त्यस्तो निवेदकले सो जात दर्ता गरी पाउन अन्य कुनै देशमा निवेदन दिएको भएमा त्यसरी निवेदन दिएको मितिले १२ महिनाभित्र निवेदन दिन पाउने अधिकारलाई सम्झनु पर्छ ।

२.१.२२ "समिति" भन्नाले बिरुवाको जात संरक्षण र तत्सम्बन्धी कार्य गर्न नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय मातहतको समिति सम्झनुपर्छ ।

२.१.२३ "रजिष्ट्रार" भन्नाले समितिको सदस्य सचिव सम्झनुपर्छ ।

२.१.२४ "अत्यावश्यकीय रुपमा प्राप्त गरिएको जात" भन्नाले माउ जातबाट नै अत्यावश्यकीयरुपमा प्राप्त गरिएको जात जसमा माउजातका विशिष्ट अत्यावश्यकीय गुणहरु निहित हुनुका साथै केही निश्चित अन्य गुणहरु रहेका जात भनी सम्झनु पर्दछ ।

२.१.२५ "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. कृषक अधिकार र बिरुवाको जात संरक्षण समितिः**

३.१ यस ऐन बमोजिम कृषक अधिकार र बिरुवाको जात संरक्षण गर्न देहाय बमोजिमका पदाधिकारीहरु रहेको विरुवाको जात संरक्षण समितिको गठन गरिएको छ ।

३.२ समितिमा देहायका अध्यक्ष तथा सदस्य रहनेछन् :

| | | |
|---|---|---|
| ३.२.१ | सचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | अध्यक्ष |
| ३.२.२ | सदस्य सचिव, राष्ट्रिय किसान आयोग | सदस्य |
| ३.२.३ | महानिर्देशक, कृषि विभाग | सदस्य |
| ३.२.४ | कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| ३.२.५ | डीन, त्रिभुवन विश्व विद्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान | सदस्य |
| ३.२.६ | प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| ३.२.७ | प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय | सदस्य |

३.२.८ प्रतिनिधि, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय — सदस्य
३.२.९ प्रतिनिधि, वाली प्रजनक विशेषज्ञ त्रिभुवन विश्व विद्यालय कृषि तथा पशु विज्ञान अध्ययन संस्थान — सदस्य
३.२.१० प्रमुख, राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जीन बैंक) — सदस्य
३.२.११ दुई जना बीउबीजन व्यवसायमा संलग्न नीजि क्षेत्र — सदस्य
३.२.१२ दुई जना कृषक अधिकार एवं बिरुवाको जात संरक्षण क्षेत्रमा कार्यरत गैसस — सदस्य
३.२.१३ एकजना महिला सहित कृषक समुदायबाट नेपाल सरकारबाट मनोनीत दुई — सदस्य
३.२.१४ रजिष्ट्रार (सदस्य सचिव, राष्ट्रिय विउ विजन समिति) — सदस्य सचिव

३.३ उपदफा ३.२.११, ३.२.१२ र ३.२.१३ बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ।

३.४ उपदफा ३.३ मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा ३.२.११, ३.२.१२ र ३.२.१३ बमोजिम मनोनित सदस्यलाई निजको पदावधि पुरा नहुँदै नेपाल सरकारले हटाउन सक्नेछ।

३.५ कृषक अधिकार र बिरुवाको जात संरक्षण उपसमितिहरु प्रदेश र स्थानीय निकायमा १-१ वटा तोकिए बमोजिम गठन गरिने छ।

४. कृषक अधिकार र बिरुवाको जात संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः

४.१ बिरुवाको नयाँ जातको विकास गर्न प्रोत्साहन गर्ने एवं कृषक र प्रजनकका अधिकारलाई संरक्षण गर्ने समितिको कर्तव्य हुने छ। आवश्यकीय र उचित माध्यमद्वारा समितिले आफ्नो कर्तव्य पालना गर्नेछ।

४.२ उपदफा (४.१) मा उल्लेखित आवश्यक र उचित माध्यम भन्नाले यस ऐनका अन्य प्रावधानहरुमा प्रतिकूल असर नपर्ने गरी देहायका कुराहरु सम्झनु पर्नेछः

४.२.१कृषकले आफूले प्रयोग, संरक्षण, सम्बर्द्धन गरी विकास गरेको बिरुवाका जात र सम्बन्धित ज्ञान निशुल्क दर्ता गरी स्वामित्वको प्रमाणपत्र दिने,

४.२.२यस ऐनमा उल्लेख गरिए बमोजिमका शर्त र अवस्था अन्तर्गत रही वा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी बिरुवाको नयाँ जात दर्ता गर्ने,

४.२.३यस ऐन अन्तर्गत दर्ता भएका बिरुवाको जातहरूको अनुगमन गर्ने, संभार र सम्बर्द्धन गर्ने र विशेषता पहिचान हुने गरी दर्ता अभिलेखीकरण गर्ने,

४.२.४यस ऐन वा नियमद्वारा तोकिए बमोजिम दर्ता भएका बीऊ वा अन्य विस्तार्य पद्धार्थ एथेष्ट मात्रामा बजारमा उपलब्ध नभएमा अनिवार्य इजाजतपत्र उपलब्ध गराइ त्यस्ता बीऊ वा अन्य विस्तार्य पदार्थ उत्पादन गर्न लगाइ आवश्यकता अनुसार बजारमा उपलब्ध हुने व्यवस्था गर्ने वा गराउने,

४.२.५नेपालभित्र वा सम्भव भएसम्म अरु देशहरुमा विकास गरिएका बिरुवाको नयाँ जात र त्यस्तो नयाँ जातका बिरुवा विकास गर्न प्रयोग गरिएको तरिका, प्रविधि र तथ्याङ्क संकलन गरी सार्वजनिक जानकारीको लागि प्रकाशित गर्ने।

४.३ यस ऐन बमोजिम निवेदन लिन र सो सम्बन्धमा अन्य आवश्यक कार्यहरु गर्न पाउने गरी आवश्यकता बमोजिम देशका विभिन्न क्षेत्रमा समितिद्वारा आवश्यक संख्यामा कार्यालयहरु तोक्न सकिने छ।

४.४ यस ऐन वा नियमद्वारा तोकिए बमोजिम निवेदन लिन, दर्ता गर्न, दर्ता किताब कायम गर्न जस्ता काम रजिष्ट्रारले सम्पादन गर्नेछ।

४.५ विदेशबाट आयात गरिएका बिरुवालाई पनि तोकिए बमोजिम दर्ता र सूचिकरण गर्ने गराउने।

४.६ यस ऐनको कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने अन्य कार्यहरु तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-२
## कृषकका अधिकार र बन्देज

५. **कृषकका अधिकारः** बिरुवाको जात संरक्षणका लागि बिरुवाको नयाँ जात र कृषकका जातका सम्बन्धमा कृषकका अधिकार देहाय बमोजिम हुनेछन्:

५.१ कृषकका जातका सम्बन्धमा:

५.१.१ कृषकले आफूले प्रयोग, संरक्षण, सम्बर्द्धन गरी विकास गरेको बिरुवाका जात र सम्बन्धित ज्ञान निशुल्क दर्ता गरी स्वामित्वको प्रमाणपत्र पाउने अधिकार,

५.१.२ कृषकले स्वामित्व प्राप्त गरेको जातको विस्तार्य पदार्थ, आनुवंशिक स्रोत र सम्बन्धित ज्ञानमा व्यापारिक प्रयोजनको लागि गरिने अनुसन्धान र प्रयोगको लागि पूर्व सुसूचित सहमति दिने अधिकार,

५.१.३ आफ्नो जात, विस्तार्य पदार्थ, आनुवंशिक स्रोत र सम्बन्धित परम्परागत ज्ञानको व्यावसायिकरणको लागि गरिने जैविक उपयोग (बायोप्रोस्पेक्टिङ)को क्रममा गरिने हरेक चरणको व्यापारिक प्रयोगको बारे जानकारी पाउने अधिकार ।

५.१.४कृषकले स्वामित्व प्राप्त गरेको जात वा तिनको आनुवंशिक स्रोत र सम्बन्धित परम्परागत ज्ञानको व्यावसायिकरणबाट आर्जित लाभांशको अधिकार ।

५.१.५ उपदफा (५.१.४) बमोजिम आर्जित लाभांशको अधिकार तोकिए बमोजिम हुनेछ ।

५.२ बिरुवाको नयाँ जातका सम्बन्धमाः

५.२.१ बौद्धिक सम्पत्ति अधिकारद्वारा संरक्षित बिरुवाको नयाँ जातको बीउलाई जीवीकोपार्जनको उद्देश्यले जगेर्ना, साटासाट र पुर्नप्रयोग गर्न पाउने र ब्राण्ड प्रयोग नगरी बेच्न पाउने अधिकार ।

५.२.२ बिरुवाको नयाँ जातको प्रजनकले सो जात विकास गर्न कृषकको जात वा परम्परागत ज्ञान वा दुवैको उपयोग गरेको भए सो जात र सो जातको बीउको जैविक र व्यापारिक उपयोगबाट सिर्जित लाभमा समन्यायिक रुपमा हिस्सेदार बन्न पाउने अधिकार ।

५.२.३ प्रजनकले सो जात विकास गर्नुपूर्व सरकार र कृषकसँग पूर्व सुसूचित सहमति नलिएको र लाभको बाँडफाँड सम्झौता नगरेको वा सो जात उपर बौद्धिक सम्पत्ति अधिकार लिने क्रममा सही स्रोत स्थल, समुदाय र मूल जात नखुलाएको ठहर भएमा क्षतिपूर्ति पाउने वा सो जातमा स्वामित्व दावी गर्न वा खारेज गर्न पाउने अधिकार ।

५.२.४ प्रजनकले सो जातको खराब बीउ आपूर्ति गरेको वा झुक्याउने वा भ्रम पार्ने गरी त्यस्तो जातको विस्तार्य पदार्थको बिक्री वितरण, आयात, निर्यात वा अन्य कुनै किसिमले प्रयोग गरेको वा गलत सुचना दिएको कारणले कृषकलाई हानी नोक्सानी भएमा उचित क्षतिपूर्ति पाउने अधिकार ।

५.२.५ प्रजनकले सो जातको बीउ आपूर्ति नगरे वा आपूर्ति गर्दा बदनियतपूर्ण र गैर प्रतिस्पर्धात्मक ढंगले गरे सो जातको बीउ उपर पहुँच पाउने अधिकार ।

५.२.६ खण्ड (५.२.४) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राकृतिक प्रकोप, विपत्ति वा मानवीय नियन्त्रणभन्दा बाहिरका कारणहरु उत्पन्न भई कृषकलाई हानि नोक्सानी पुग्न गएमा त्यस्तो क्षति उपर प्रजनकलाई उत्तरदायी बनाइने छैन ।

५.२.७ उपदफा (५.२.४) बमोजिम कृषकलाई क्षतिपूर्ति उपलब्ध गराउँदा निम्न कुराहरुलाई आधार मानिने छः

५.२.७.१ कृषकलाई भएको वास्तविक क्षति ।

५.२.७.२ प्रजनकले अपनाएको सजकताको स्तर ।

५.२.७.३ कृषक एवं प्रजनकको नियत ।

५.२.८ कृषकलाई उपदफा (५.२.४) बमोजिम क्षतिपूर्ति उपलब्ध गराउनु पूर्व प्रजनकलाई प्रतिवादको मौका प्रदान गरिने छ ।

५.३ स्थानीय जात र परम्परागत ज्ञानका सम्बन्धमा आनुवंशिक स्रोतमा पहुँच तथा आनुवंशिक स्रोतको उपयोगमा लाभको बाँडफाँड तोकिए बमोजिम हुनेछ ।

**६. कृषकको जात र सम्बन्धित ज्ञानको दर्ता र दर्ता प्रक्रियाः**

६.१ देहाय बमोजिमको अवस्थामा बिरुवाको जातलाई कृषकको जातको रूपमा दर्ता गरिनेछः-

६.१.१ कृषकको जातको लागि निश्चित गरिएका गुणहरुको आधारमा अलगरूपमा पहिचान गर्न सकिने भएमा,

६.१.२ पुनरोत्पादन गर्दा सो जातको पहिचानको लागि निश्चित गरिएका गुणहरुमा सामान्यतया एकरूपता हुने भएमा, र

६.१.३ सो जातको पहिचानको लागि निश्चित गरिएका गुणहरुमा सामान्यतया स्थायित्व भएमा ।

६.१.४ सो जातमा नौलोपनाको शर्त भने लागू हुने छैन ।

६.२ कृषकको जात र सम्बन्धित ज्ञानको दर्ता प्रक्रिया देहाय बमोजिम हुनेछः-

६.२.१ आफ्नो जात र सम्बन्धित ज्ञान दर्ता गर्न कृषकले तोकिएको ढाँचामा बिरुवाको जातको नमूना, नामाकरण र सम्बन्धित ज्ञानको विवरण सहित रजिष्ट्रार समक्ष दरखास्त दिनुपर्नेछ ।

६.२.२ दरखास्त साथ पेश गरेको नमूना बिरुवालाई कृषकको जातको रुपमा दर्ता गर्न रजिष्ट्रारले उपदफा (६.२.१) मा उल्लेख भए बमोजिमको प्राविधिक गुण तथा मापदण्ड भए नभएको बारे आवश्यकता अनुसार प्राविधिक परीक्षण गराउन सक्नेछ ।

६.२.३ रजिष्ट्रारले दर्ता गर्ने निर्णय गरेपछि कृषकले दरखास्त बमोजिम दर्ता गर्न चाहेको बिरुवाको जात र सम्बन्धित ज्ञानलाई यस ऐन अन्तर्गत खडा गरिएको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

६.२.४ दर्ता किताबमा दर्ता भएको कृषकको जातको विवरण समावेश गरी रजिष्ट्रारले सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नुपर्ने छ । सूचना प्रकाशित भएपछि उक्त सूचना प्रकाशित भएको मितिले छ महिना भित्र उक्त दर्ता बारे कसैको दाबी विरोध भए रजिष्ट्रार समक्ष उजूरी गर्न सक्नेछ ।

६.२.५ दाबी विरोधको लागि पर्न आएको उजूरी उपर रजिष्ट्रारले आवश्यक छानवीन गरी सोही बमोजिम दर्ता किताबमा पुनः दर्ता गर्नुपर्नेछ ।

६.२.६ कृषकले दर्ता प्रमाणपत्र वापत कुनै पनि दस्तुर बुझाउनु पर्ने छैन ।

## परिच्छेद-३
## बिरुवाको नयाँ जात दर्ता सम्बन्धी व्यवस्था

**७. दरखास्त दिने:**

७.१ नेपाल वा विश्व व्यापार संगठनका सदस्य राष्ट्रका प्रजनकले बिरुवाको नयाँ जातको संरक्षणको लागि यस ऐन बमोजिम दर्ता गराई स्वामित्वको प्रमाणपत्र प्राप्त गर्न चाहेमा तोकिएको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा रजिष्ट्रार समक्ष दरखास्त दिन सक्नेछन् ।

७.२ उपदफा (७.१) बमोजिमको दरखास्त प्रजनकको तर्फबाट निजको उत्तराधिकारी वा हकवालाले पनि दिन सक्नेछन् ।

७.३ दुई वा दुईभन्दा बढी प्रजनकले बिरुवाको नयाँ जातको प्रजनन गरेको भए संयुक्त रुपमा दरखास्त दिन सक्नेछन् ।

**८. दरखास्तमा खुलाउनु पर्ने विवरण:**

८.१ दफा ७ बमोजिम दरखास्त दिँदा सोसङ्ग सम्बद्ध देहाय बमोजिमका विवरण खुलाउनु पर्नेछ::-

८.१.१ बिरुवाको जातको पहिचान गर्ने नामाकरण,

८.१.२ नौलोपना, स्पष्ट पहिचान, एकरूपता र स्थायित्व भएको प्रमाण,

८.१.३ प्राविधिक परीक्षण सम्बन्धी विवरण एवं कागजात तथा प्रमाण,

८.१.४ तोकिएको मात्रामा नयाँ जातको बिरुवाको बिस्तार्य बस्तुको नमूना,

८.१.५ वंशाणुगत परिवर्तित जात भएमा त्यसको जानकारी र यसमा अन्तरनिहित जोखिमको विश्लेषणात्मक विवरण,

८.१.६ वर्णनपुंसक प्रविधि (टर्मिनेटर टेक्नोलोजी) को प्रयोग नभएको जानकारी,

८.१.७ प्रजनन गर्दा प्रयोग गरिएको माऊ बिरुवाको स्रोत, भौगोलिक क्षेत्रको विवरण र पहिचानका आवश्यक तथ्यहरु (पासपोर्ट डेटा), र

८.१.८ दर्ता गर्न चाहेको बिरुवाको नयाँ जातको माऊ स्थानीय जात वा कृषकको जात भएमा नेपालको प्रचलित कानुन बमोजिम स्थानीय समुदाय वा कृषकसँग पूर्व सुसूचित सहमति प्राप्त गरेको तथा लाभको बाँडफाँडका लागि गरेको सम्झौताको प्रमाण ।

८.२ उपदफा (८.१) र दफा ७ को उपदफा (७.२) र (७.३) बमोजिमको विवरण पुष्टयाँई गर्ने सम्बद्ध कागजात सहितको प्रमाण दरखास्त साथ पेश गर्नु पर्ने ।

**९. प्रारम्भिक परीक्षण:**

९.१ दफा ७ र ८ बमोजिम प्राप्त हुन आएको दरखास्त र सो साथ संलग्न विवरण लगायतका प्रमाण कागजातको सम्बन्धमा प्रारम्भिक परीक्षण गर्ने क्रममा रजिष्ट्रारले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम बिरुवाको नयाँ जात दर्ता गर्नको लागि आवश्यक सम्पूर्ण विवरण तथा प्रमाण कागज पेश भए नभएको अध्ययन गर्ने ।

९.२ दफा ७ र ८ बमोजिम प्राप्त हुन आएको दरखास्त र सो साथ संलग्न विवरण लगायतका प्रमाण कागजातको आधारमा रजिष्ट्रारले अन्य कुनै थप विवरण तथा प्रमाण आवश्यक ठानेमा सो पेश गर्न दरखास्तवालालाई म्याद सहितको सूचना दिनु पर्नेछ ।

१०. **विस्तृत परीक्षणः**

१०.१ दफा ९ को उपदफा (९.२) बमोजिम दिएको सूचनामा उल्लेखित म्यादभित्र दरखास्तवालाले पेश गरेको थप विवरण तथा प्रमाणको आधारमा रजिष्ट्रारलाई दरखास्तवालाको माग बमोजिम दर्ता गरिदिनु पर्ने लागेमा त्यस्तो नयाँ जातको विरुवामा अरु कसैको हक भए नभएको बुझ्नु पर्ने । यस प्रयोजनको लागि रजिष्ट्रारले सम्बन्धित सबैलाई प्रमाण सहित दाबी गर्न आउन पन्ध्र दिनको म्याद दिई राष्ट्रिय स्तरको छापा र विद्युतीय संचार माध्यम मार्फत् कम्तिमा तीन पटक सूचना प्रकाशन गर्नु पर्नेछ ।

१०.२ उपदफा (१०.१) बमोजिम प्रकाशित सूचनाका आधारमा कसैले दाबी प्रस्तुत गर्ने भए दाबी पुष्टयाँई हुने विवरण र सम्बद्ध प्रमाण समेत संलग्न गरी तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित रजिष्ट्रार समक्ष दाबी पेश गर्नु पर्नेछ ।

१०.३ उपदफा (१०.२) बमोजिम दाबी प्रस्तुत गर्ने पक्षले पेश गरेको विवरण सहितको प्रमाण रजिष्ट्रारले दरखास्तवालालाई र दरखास्तवाला पक्षले पेश गरेको विवरण सहितको प्रमाण दाबी पेश गर्ने पक्षलाई उपलब्ध गराई दुवै पक्षसँग सुनुवाई गर्नुपर्नेछ ।

१०.४ उपदफा (१०.३) बमोजिमको सुनुवाई पश्चात् उपदफा (१०.२) बमोजिम दर्ता भएको दाबी प्रमाणित भए नभएको बारेमा रजिष्ट्रारले निर्णय भएको मितिले पन्ध्र दिनभित्र निर्णयको जानकारी दुवै पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

१०.५ रजिष्ट्रारले यस दफा बमोजिमको कार्यविधि बढीमा नब्बे दिनभित्र समाप्त गर्नु पर्नेछ ।

११. **प्राविधिक परीक्षणः**

११.१ बिरुवाको नयाँ जातको रुपमा दर्ता हुन देहाय बमोजिमका प्राविधिक गुण तथा मापदण्ड पुरा भएको हुनु पर्नेछः

११.१.१ **नौलोपनाः** दरखास्तवालाले दर्ताको लागि दरखास्त दिँदा पेश गरेको नमूना बमोजिमको बिरुवाको नयाँ जातको विस्तार्य पदार्थ वा उत्पादित पदार्थ प्रजनकको सहमतिले देहाय बमोजिमको अवधिसम्म अरु कसैलाई बेचबिखन वा अन्य कुनै किसिमबाट हस्तान्तरण नगरिएको बिरुवाको जातलाई नौलोपना भएको नयाँ जातको रुपमा मानिनेछः

(१) देशभित्र एक वर्षभन्दा अघि,

(२) अन्य देशहरुमा चार वर्ष अघि वा रूख र लहरे जातका बिरुवाको सम्बन्धमा छ वर्ष अघि । तर परीक्षणको रुपमा प्रयोग गरेको अवस्थामा भने यस खण्ड बमोजिमको हदम्याद लागु हुने छैन ।

११.१.२ **स्पष्ट पहिचानः** अग्राधिकार दाबी गरिएको वा निवेदन दर्ता गरिएको दिनसम्ममा नेपाल राज्यभित्र वा बाहिर कृषक वा सर्वसाधारणको ज्ञान वा जानकारीमा रहेको जातबाट कम्तिमा एउटा गुणको आधारमा स्पष्ट रूपमा छुट्याउन सकिने बिरुवाको जातलाई स्पष्ट पहिचान भएको नयाँ जातको रुपमा मानिने छ ।

११.१.३ **एकरूपताः** बिरुवाको नयाँ जात पुनरोत्पादन गर्दा स्वभाविक रुपमा देखिने भिन्नता बाहेक त्यस्ता जातको स्पष्ट पहिचानको लागि आवश्यक गुणमा पर्याप्त मात्रामा समानता भएको जातलाई एकरुपता भएको नयाँ जातको रुपमा मानिनेछ ।

११.१.४ **स्थायित्वः** कुनै पनि बिरुवाको नयाँ जातको लगातार पुनरोत्पादनपछि सो जातको स्पष्ट पहिचान हुने गुणहरु परिवर्तन नभएमा स्थायित्व भएको मानिनेछ ।

११.२ दरखास्त साथ पेश गरेको नमूना बिरुवालाई नयाँ जातको रुपमा दर्ता गर्न रजिष्ट्रारले उपदफा (११.१) मा उल्लेख भए बमोजिमको प्राविधिक गुण तथा मापदण्ड भए नभएको बारे प्राविधिक परीक्षण गर्ने गराउनु पर्नेछ ।

११.३ उपदफा (११.१) बमोजिम प्राविधिक परीक्षणको लागि रजिष्ट्रारले सम्बद्ध निकाय वा विशेषज्ञसँग राय परामर्श समेत लिन सक्नेछ ।

११.४ दरखास्त साथ पेश गरेको बिरुवाको नयाँ जातको नमूना परीक्षण अवधिसम्म र परीक्षण पश्चात पनि सुरक्षित रूपमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१२. **दर्ता नहुनेः**

१२.१ देहायको अवस्थामा बिरुवाको नयाँ जात दर्ता हुने छैनः

१२.१.१ दफा ११ मा उल्लेखित गुणहरू नभएमा,

१२.१.२ दफा ३६ बमोजिम नामाकरण नभएमा,

१२.१.३ दफा ८ को उपदफा (८.१) बमोजिम दरखास्तमा खुलाउनु पर्ने विवरण नखुलेमा,

१२.१.४ मानव, प्राणी तथा वनस्पति स्वास्थ्य वा जीवनमा प्रतिकुल असर पार्ने भएमा,

१२.१.५ वातावरणमा गम्भीर असर पार्ने भएमा,
१२.१.६ धार्मिक तथा सांस्कृतिक मान्यतामा खलल पार्ने भएमा,
१२.१.७ सार्वजनिक नैतिकता वा हित प्रतिकूल हुने भएमा ।

१२.२ उपदफा (१२.१) मा जुनसुकै कुरा लेखिएको भएतापनि रजिष्ट्रारले देहाय बमोजिमको अवस्थामा बिरुवाको नयाँ जात दर्ता नगर्ने निर्णय गर्नेछ:
१२.२.१ दरखास्तवाला प्रजनक नठहरिएमा वा दरखास्तवालालाई दरखास्त दिने हक अधिकार नभएको ठहर भएमा,
१२.२.२ दफा ९ को उपदफा (९.२) बमोजिमको म्यादभित्र दरखास्तवालाले थप विवरण तथा प्रमाण पेश नगरेमा,
१२.२.३ दफा ९ को उपदफा (९.२) बमोजिमको म्यादभित्र दरखास्तवालाले पेश गरेको थप विवरण तथा प्रमाणको आधारमा दर्ता गर्न सकिने आधार नभएमा,
१२.२.४ दफा १० बमोजिम दाबी गर्नेको दाबी मुनासिब देखिएमा,

१२.३ रजिष्ट्रारले उपदफा (१२.१) र (१२.२) बमोजिमको आधारमा बिरुवाको नयाँ जात दर्ता नगरेमा सोको कारण सहितको सुचना दरखास्तवालालाई दिनु पर्नेछ ।

१३. **रोजगारदाताको नाउँमा दर्ता हुने**: प्रजनन गराउने व्यक्ति वा समुदाय वा संस्था र लाभांश, दस्तुर वा पारिश्रमिक लिएर वा रोजगारीको रूपमा काम गर्ने व्यक्ति वा समुदाय वा संस्था बीच अन्यथा सम्झौता भएकोमा बाहेक लाभांश, दस्तुर, पारिश्रमिक वा रोजगार दिई प्रजनन गराउने व्यक्ति वा समुदाय वा संस्थाको नाउँमा नै बिरुवाको नयाँ जात दर्ता हुनेछ ।

वा

१३. **रोजगारदाता र प्रजनकको नाउँमा दर्ता हुने**: प्रजनक वा रोजगारदाता वा प्रजनन गराउने व्यक्ति वा समुदाय वा संस्था र लाभांश, दस्तुर वा पारिश्रमिक लिएर वा रोजगारीको रूपमा काम गर्ने व्यक्ति वा समुदाय वा संस्थाको नाउँमा नै बिरुवाको नयाँ जात दर्ता हुनेछ ।

१४. **संयुक्त रुपमा दर्ता हुने**: दुई वा दुई भन्दा बढी दरखास्तवालाले संयुक्त रूपमा बिरुवाको नयाँ जातको दर्ताका लागि दरखास्त दिएको अवस्थामा बिरुवाको नयाँ जातको दर्ता संयुक्त रुपमा गरिने छ ।

१५. **पहिलो दरखास्तवालाले प्राथमिकता पाउने**: एकभन्दा बढी दरखास्तवालाले उही बिरुवाको नयाँ जात दर्ताको लागि दरखास्त दिएमा दफा १० को उपदफा (१०.१), (१०.२) र (१०.३) मा उल्लेखित व्यवस्थाको अधिनमा रही पहिले दरखास्त दिने दरखास्तवालाको नाउँमा दर्ता गरिनेछ ।

१६. **दर्ता गर्ने प्रकृया:**

१६.१ रजिष्ट्रारले यस ऐन तथा यस ऐन बमोजिम बनेका नियमावलीमा उल्लेखित प्रावधान तथा प्रकृया बमोजिम दर्ता गर्न योग्य ठहर भएका दरखास्तवालाले दर्ताको लागि माग गरेको बिरुवाको नयाँ जात दर्ता गर्ने निर्णय गर्नेछ ।

१६.२ दफा १९ को उपदफा (१९.१) बमोजिम दर्ता किताबमा दर्ता भएका प्रजनकलाई तोकिए बमोजिमको ढाँचामा बिरुवाको नयाँ जातमा स्वामित्वको प्रमाणपत्र जारी गर्नेछ ।

१६.३ बिरुवाको नयाँ जात दर्ता सम्बन्धी अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

१७. **प्रजनकको स्वामित्वको प्रमाणपत्र र अधिकारको संरक्षण अवधि:**

१७.१ दर्ता भएको मिति देखि प्रजनकको स्वामित्वको प्रमाणपत्र र अधिकारको संरक्षण अवधि देहाय बमोजिम हुनेछ:
१७.१.१बहुवर्षीय लहरे र रुख बिरुवाको नयाँ जातको हकमा १८ वर्ष, र
१७.१.२ उपदफा (१७.१.१) मा उल्लेख भए देखि बाहेकका अन्य बिरुवाको नयाँ जातको हकमा १५ वर्ष ।

१८. **वार्षिक दस्तुर:** प्रजनकले दफा १६ को उपदफा (१६.२) बमोजिम प्राप्त गरेको प्रमाणपत्र बापत तोकिए बमोजिमको वार्षिक दस्तुर तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

१९. **दर्ता किताब खडा गर्ने र सार्वजनिक जानकारीमा ल्याउने:**

१९.१ दफा १६ बमोजिम रजिष्ट्रारले दर्ता गर्ने निर्णय गरेपछि दरखास्तवालाले दर्ता गर्न माग गरेको बिरुवाको नयाँ जातलाई तोकिए बमोजिमको ढाँचामा दर्ता किताब खडा गरी सो किताबमा दर्ता गर्नु पर्नेछ ।

१९.२ उपदफा (१९.१) बमोजिम दर्ता किताबमा दर्ता भई जारी भएका प्रजनकको प्रमाणपत्र र सो सम्बन्धी प्राविधिक विवरणको सूचना तोकिए बमोजिमको ढाँचामा रजिस्ट्रारले सार्वजनिक जानकारीको लागि सुचना प्रकाशन गर्नेछ ।

## २०. उजूरी र खारेजीः

२०.१ दफा १९ को उपदफा (१९.२) बमोजिम सार्वजनिक सूचना प्रकाशित भएपछि त्यस्तो सूचना प्रकाशित भएको मितिले ६ महिनाभित्र प्रजनकलाई प्रदान भएको स्वामित्वको प्रमाण पत्रमा कसैको विरोध भएमा विरोध गर्न चाहनेले तोकिए बमोजिमको ढाँचामा प्रजनकलाई प्रदान भएको स्वामित्वको प्रमाण पत्र खारेज र प्रजनकको अधिकार बदर गरी पाउन रजिष्ट्रार समक्ष उजूरी गर्न सक्नेछ ।

२०.२ उपदफा (२०.१) बमोजिमको उजूरी देहायको अवस्थामा सुनुवाई हुनेछः

२०.२.१ वास्तविक प्रजनक बाहेकको व्यक्ति वा समुदाय वा संस्थाले बिरुवाको नयाँ जातमा स्वामित्वको प्रमाणपत्र प्राप्त गरेमा,

२०.२.२ यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लेखित व्यवस्था विपरित बिरुवाको नयाँ जात दर्ता भएमा,

२०.२.३ पहिले दर्ता भइसकेको बिरुवाको नयाँ जातलाई अन्य नामाकरण गरी पुनः दर्ता गरेको भएमा,

२०.२.४ अग्रणीय नामाकरण गरी बिरुवाको नयाँ जात दर्ता भएमा ।

२०.३ उपदफा (२०.१) बमोजिम पर्न आएको उजूरीको सम्बन्धमा रजिष्ट्रारले दफा १० बमोजिमको प्रक्रिया अपनाई छानविन गरी उजूरी बमोजिमको दाबी प्रमाणित भएमा प्रजनकको स्वामित्वको प्रमाणपत्र खारेज गर्नेछ र झुट्टा ठहर भएमा उजूरी खारेज गर्नेछ ।

२०.४ उपदफा (२०.२) को खण्ड (२०.२.४) को आधारमा दर्ता भएको उजूरी उपदफा (२०.३) बमोजिम छानविन हुँदा अग्रणीय नामाकरण भएको ठहरिएमा रजिष्ट्रारले त्यस्तो नामाकरण बदर गरी प्रजनकलाई पुनः नामाकरण गर्नका लागि म्याद दिनेछ र त्यसरी दिईएको म्यादभित्र नयाँ नामाकरण प्रस्तुत गर्न नसकेमा रजिष्ट्रारले निजको स्वामित्वको प्रमाणपत्र खारेज गर्नेछ ।

२०.५ यस दफा बमोजिम रजिष्ट्रारले गरेको निर्णय सार्वजनिक जानकारीको लागि सूचनाको रुपमा प्रकाशन गरिनेछ ।

## २१. वास्तविक प्रजनकले अधिकार दाबी गर्न पाउनेः

२१.१ दफा १० र १९ मा जुनसुकै कुरा लेखिएको भएतापनि वास्तविक प्रजनकको हक कायम नहुने गरी दफा १६ बमोजिम बिरुवाको नयाँ जात दर्ता भएको रहेछ भने संरक्षणको अवधिभित्र पहिले दर्ता गर्ने गरी गरेको निर्णय बदर गरी आफ्नो नाउँमा दर्ता गरी पाउन वास्तविक प्रजनकले रजिष्ट्रार समक्ष उजूरी गर्न सक्नेछ ।

२१.२ उपदफा (२१.१) बमोजिम परेको उजूरीमा रजिष्ट्रारले दफा १० बमोजिमको प्रक्रिया अपनाई सुनुवाई गर्नु पर्नेछ ।

## २२. अस्थायी संरक्षणः

२२.१ बिरुवाको नयाँ जात दर्ताको लागि दरखास्त दिएको अवस्थामा त्यसको दर्ता नभए सम्म दरखास्तवालाले सो जात उपर यस ऐनमा उल्लेखित प्रजनकका अधिकार पाउने गरी संरक्षण प्राप्त गर्नेछ ।

२२.२ अस्थायी संरक्षण दरखास्त दिएको मितिदेखि त्यस्तो दरखास्तको बारेमा निर्णय हुँदाको अवधिसम्मको लागि मात्र प्राप्त गर्नेछ ।

२२.३ उपदफा (२२.१) र (२२.२) मा जुनसुकै कुरा लेखिएको भएतापनि दरखास्तवालाको माग बमोजिम दर्ता हुन नसकेमा वा भईसकेको दर्ता कुनै कारणले खारेज भएमा त्यस्तो बिरुवाको नयाँ जातले संरक्षण प्राप्त गरेको मानिने छैन ।

२२.४ दरखास्त परेपछि दर्ता नभएसम्मको अवधिमा उपदफा (२२.१) बमोजिमको संरक्षणमा कसैले कुनै किसिमले आघात वा प्रतिकूल असर पारेको कारणबाट दरखास्तवालाको अधिकारमा हानी नोक्सानी पुऱ्याएको मानिनेछ ।

## परिच्छेद-४
## प्रजनकको अधिकार, अपवाद र सीमा र दायित्व सम्बन्धी

२३. **प्रजनकको अधिकारः**

२३.१ दर्ता भएको बिरुवाको नयाँ जातको विस्तार्य पदार्थमा दफा २५ बमोजिमका अपवाद र सीमाको अधिनमा रही प्रजनकको स्वीकृति बिना देहाय बमोजिमको कार्य गर्नबाट रोक लगाउने अधिकार प्रजनकलाई हुनेछः

२३.१.१ उत्पादन र पुनरोत्पादन गर्ने,

२३.१.२ विस्तार गर्ने प्रयोजनका लागि आवश्यक पर्ने कार्य गर्ने,

२३.१.३ बिक्री वितरण गर्ने,

२३.१.४ आयात निर्यात गर्ने ।

२३.२ प्रजनकले आफ्नो अधिकार हस्तान्तरण वा बेचविखन गर्न वा निश्चित अवधिका लागि प्रयोग गर्न पाउने गरी अरुलाई दिन सक्नेछ ।

२३.३ प्रजनकले मूलतः माऊ जातबाट प्राप्त गरिएको जात उपर समेत उपदफा (२३.१) बमोजिमका अधिकारहरु निम्न अवस्थामा प्राप्त गर्न सक्नेछः

२३.३.१ यदि माऊ जातमा निजलाई नै अधिकार प्रदान गरिएको भएमा, वा

२३.३.२ माऊ जातमा स्वामित्व भएको व्यक्ति, समुदाय वा संस्थाले मूलतः माऊ जातबाट प्राप्त गरिएको जात उपर प्रजनकलाई अधिकार प्रदान गर्न लिखित सहमति दिएमा ।

२४. **अग्राधिकारः**

२४.१ प्रजनकले विरुवाको नयाँ जात दर्ता गर्न अन्य कुनै देशमा दरखास्त दिएको भएमा त्यसरी दरखास्त दिएको मितिले १२ महिनाभित्र नेपालमा पनि दर्ताको लागि दरखास्त दिँदा अग्राधिकारको दाबी गरिएको हुनु पर्नेछ ।

२५. **प्रजनकको अधिकारका अपवाद र सीमाहरुः**

२५.१ प्रजनकले देहाय बमोजिमको अवस्थामा नयाँ जातको विस्तार्य पदार्थ माथिको उपयोगमा बन्देज लगाउने गरी अधिकारको दाबी गर्न पाउने छैनः

२५.१.१ निजी रूपमा वा गैर व्यापारिक उद्देश्यले त्यस्तो नयाँ जातको विस्तार्य पदार्थ उपयोग गर्ने,

२५.१.२ अध्ययन, अध्यापन र अनुसन्धानका लागि नयाँ जातको विस्तार्य पदार्थ उपयोग गर्न,

२५.१.३ अन्य जात प्रजनन र विकास गर्ने उद्देश्यका लागि नयाँ जातको विस्तार्य पदार्थ उपयोग गर्न । यसरी प्रजनन र विकास गरिएको जात उपर सो जातको प्रजनकले दफा २३ उपदफा (२३.१)मा उल्लेखित प्रजनकका अधिकारहरू प्राप्त गर्न सक्नेछ । अत्यावश्यकीय रुपमा प्राप्त गरिएको जातको सन्दर्भमा भने दफा २३ को उपदफा (२३.२) को प्रावधान लागू हुनेछ ।

२६. **अनिवार्य इजाजतपत्रः**

२६.१ बिरुवाको नयाँ जात दर्ता भएको तीन वर्षसम्म पनि प्रजनकले सार्वजनिक आवश्यकता बमोजिम त्यस्तो बिरुवाको नयाँ जातको विस्तार्य पदार्थ बजारमा आपूर्ति नगरेको वा उचित मूल्यमा बिक्री वितरणमा नल्याएको भन्ने दाबी गरी जो कोहीले पनि त्यस्तो बिरुवाको नयाँ जातको विस्तार्य पदार्थ उत्पादन, पुनरोत्पादन र बिक्रि वितरण गर्न अनिवार्य इजाजतपत्र माग गर्दै तोकिएको ढाँचामा रजिष्ट्रार समक्ष दरखास्त दिन सक्नेछ ।

२६.२ उपदफा (२६.१) बमोजिम दरखास्त दिंदा दाबीकर्ताले दरखास्तमा उल्लेख गरिएका तथ्यहरुको पुष्टि हुने आधार खुलाई तत्सम्बन्धी प्रमाण समेत संलग्न गर्नु पर्नेछ ।

२६.३ उपदफा (२६.१) बमोजिम दाबी पेश भएमा रजिष्ट्रारले सो सम्बन्धमा प्रजनकसँग आवश्यक सोधपुछ गरी तत्सम्बन्धी वास्तविकता र त्यसलाई पुष्टी गर्ने विवरण, सम्बद्ध कागजात तथा प्रमाण पेश गर्ने आदेश दिनेछ ।

२६.४ दाबीकर्ता र प्रजनकबाट क्रमशः उपदफा (२६.२) र (२६.३) बमोजिम पेश हुन आएको विवरण, सम्बद्ध कागजात तथा प्रमाण सङ्कलन भएपछि रजिष्ट्रारले देहाय बमोजिमको अवस्था विद्यमान रहे नरहेको बारेमा एकिन गर्नेछः

२६.४.१सार्वजनिक आवश्यकता र माग बमोजिम बिरुवाको नयाँ जातको विस्तार्य पदार्थ आपूर्ति नभएको वा कृषक र सर्वसाधारणले किन्न नसक्ने गरी सोको मूल्य कायम गरेको,

२६.४.२प्रजनकले गैरप्रतिस्पर्धात्मक अभ्यासबाट बिरुवाको नयाँ जातको विस्तार्य पदार्थको आपूर्ति वा मुल्य निर्धारण वा बिक्री वितरण गरेको वा आफुले पाएको एकाधिकारको दुरुपयोग गरेको ।

२६.५ उपदफा (२६.४)को प्रयोजनको लागि रजिष्ट्रारले सम्बद्ध निकाय वा विशेषज्ञसँग परामर्श लिन सक्नेछ । छानविनको क्रममा दरखास्तवालाको दावी पुष्टि भएको पाएमा रजिष्ट्रारले दरखास्तवालालाई अनिवार्य इजाजतपत्र जारी गर्नेछ । तर दरखास्तवालाको दाबी झुट्टा देखिन आएमा दाबी खारेज गर्नेछ ।

२६.६ रजिष्ट्रारले उपदफा (२६.५) बमोजिम अनिवार्य इजाजतपत्र जारी गर्नु पूर्व दरखास्तवालाको योग्यता, आर्थिक एवं प्राविधिक दक्षता, क्षमता एवं उत्पादित जातको विस्तार्य पदार्थलाई उचित मूल्यमा सार्वजनिक आवश्यकता बमोजिम आपूर्ति गर्न सक्ने योजना समेतलाई विचार गर्नु पर्नेछ र त्यसको लागि आवश्यकता अनुसारको शर्त बन्देज तोकी दाबी गर्ने दरखास्तवालालाई नेपाल राज्यको प्रचलित कानून बमोजिम अनिवार्य इजाजतपत्र जारी गर्न सक्नेछ ।

२६.७ शुरुमा जारी भएको प्रजनकको स्वामित्वको प्रमाणपत्रको अवधिको सीमा हद ननाध्ने गरी एक पटकमा बढीमा पाँच वर्षसम्मको लागि बिरुवाको अलग अलग नयाँ जातका लागि अलग अलग अनिवार्य इजाजतपत्र जारी गर्न सकिनेछ ।

२६.८ उपदफा (२६.१) बमोजिम दाबी पर्न आएको अवस्थामा बाहेक प्रजनकले उपदफा (२६.४) बमोजिमका कार्यहरु गरेको रजिष्ट्रारले ठहर गरेमा आवश्यक कार्यविधि पूरा गरी अन्य कुनै निकाय वा व्यक्तिलाई अनिवार्य इजाजतपत्र जारी गर्न सक्नेछ ।

२६.९ यस दफा बमोजिम जारी भएको अनिवार्य इजाजतपत्रको अद्यावधिक विवरण दर्ता किताबमा जनाउनु पर्नेछ ।

२६.१० यस दफा बमोजिम जारी भएको अनिवार्य इजाजतपत्रका लागि अनिवार्य इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले नेपाल सरकारलाई तोकिए बमोजिमको दस्तूर बुझाउनु पर्नेछ ।

२७. **अनिवार्य इजाजतपत्रको खारेजी वा थप शर्त बन्देज तोक्न सक्ने:**

२७.१ अनिवार्य इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले दफा २६ को उपदफा (२६.६) बमोजिम तोकेको शर्त तथा बन्देजको पालना नगरेको वा उल्लंघन गरेको भनी कसैबाट उजूरी पर्न आएमा वा रजिष्ट्रार स्वयंलाई सो कुराको जानकारी प्राप्त हुन आएमा अनिवार्य इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थासँग आवश्यक सोधपुछ गरी तत्सम्बन्धी वास्तविकता र त्यसलाई पुष्टी गर्ने विवरण, सम्बद्ध कागजात तथा प्रमाण पेश गर्न आदेश दिनेछ ।

२७.२ उपदफा (२७.१) बमोजिम रजिष्ट्रारले दिएको आदेश बमोजिम सम्बन्धित अनिवार्य इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाबाट प्राप्त हुन आएको विवरण, सम्बद्ध कागजात तथा प्रमाणको अध्ययन गर्दा दफा २६ को उपदफा (२६.६) बमोजिम तोकेको शर्त तथा बन्देजको पालना नगरेको वा उल्लंघन गरेको देखिन आएमा रजिष्ट्रारले त्यस्तो इजाजतपत्र खारेज गर्न वा थप शर्त वा बन्देज निर्धारण गर्न सक्नेछ ।

२८. **प्रजनकको दायित्व वा कर्तव्य:**

२८.१ प्रजनकको दायित्व तथा कर्तव्य देहाय बमोजिमको हुनेछ:

२८.१.१यस ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमावली तथा प्रजनकको स्वामित्वको प्रमाणपत्र जारी गर्दा तोकेको शर्तको पालना गर्ने,

२८.१.२यस ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमावलीको कार्यान्वयनको क्रममा रजिष्ट्रारले सामान्य वा विशेष रुपमा दिएको आदेश तथा निर्देशनको पालना गर्ने ।

२९. **प्रजनकको स्वामित्वको प्रमाणपत्रको खारेजी:**

२९.१ देहायको अवस्थामा रजिष्ट्रारले प्रजनकलाई प्रदान गरेको स्वामित्वको प्रमाणपत्र खारेज गर्नेछ:

२९.१.१तोकिए बमोजिमको दस्तुर लगातार तीन वर्षसम्म नबुझाएमा,

२९.१.२झुट्टा विवरण दिई बिरुवाको नयाँ जात दर्ता गरेको प्रमाणित भएमा ।

२९.२ रजिष्ट्रारले उपदफा (२९.१) बमोजिम प्रजनकको प्रमाणपत्र खारेज गर्नु अघि प्रजनकलाई आफ्नो सफाई पेश गर्ने मौका उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-५
## बिरुवा र कृषकको जात नामाकरण

३०. **बिरुवाको जातको नामाकरण:**

३०.१ दरखास्तवालाले बिरुवाको नयाँ जात दर्ता गर्नको लागि दरखास्त दिँदा सो जातको स्पष्ट पहिचान हुने गरी नामाकरण गर्नु पर्नेछ ।

३०.२ दरखास्तवालाले दरखास्त दिँदा उपदफा (३०.१) बमोजिम नामाकरण नगरेको भएमा दरखास्त दिएको मितिले तीन महिनाभित्र तोकिए बमोजिमको ढाँचामा नामाकरण गर्न आवेदन दिनु पर्नेछ ।

३०.३ जातको नामाकरण एउटा शब्द वा बढीमा तीनवटा शब्दहरुको समूह वा शब्द र अंकको समूह वा शब्द र अक्षरको समूह वा अक्षर र अंकको समूहद्वारा गर्नुपर्नेछ ।

३०.४ देहाय बमोजिमका आधारमा जातको नामाकरण गर्न सकिने छैनः:-

३०.४.१केवल अंक वा चित्रहरुको समूहको प्रयोग भएमा,

३०.४.२उपदफा (३०.३) बमोजिम गरिएको नामाकरणबाट स्पष्ट रुपमा जातको पहिचान हुन नसकेमा,

३०.४.३जातको स्रोत, उत्पत्तिस्थल र भौगोलिक क्षेत्र, जातको पहिचान र गुण वा प्रजनक र कृषकको पहिचान झुक्याउने वा भ्रमित गर्ने गरी नामाकरण गरिएमा,

३०.४.४पहिले नै दर्ता भएको नामाकरणको प्रयोग गरिएमा,

३०.४.५नामाकरणले सार्वजनिक हित वा नैतिकतामा प्रतिकूल असर पार्ने भएमा,

३०.४.६सामान्यतया बिरुवाको अन्य प्रजातीको पहिचानका लागि प्रयोग भइरहेको नाउँ प्रयोग गरिएमा,

३०.४.७वंशाणु वा प्रजातीको नाउँ वा पहिचानलाई नै इंगित गर्ने गरी प्रयोग गरिएको भएमा,

३०.४.८माऊ प्रजातीलाई गलत र अस्पष्ट रूपमा इंगित गरिएको भएमा,

३०.४.९कृषकको जात बाहेक अन्य जातको हकमा भौगोलिक चिन्ह प्रयोग गरेमा,

३०.४.१०प्रचलित नेपाल कानुनबमोजिम प्रयोग गर्न रोक लगाइएका चिन्ह, छाप, नाम वा संकेत भएमा ।

३०.५ बिरुवाको जातको नामाकरणको लागि प्रयोग गरिएको नाउँलाई प्रचलित नेपाल कानून अन्तर्गत ट्रेडमार्कको रूपमा दर्ता र प्रयोग गर्न पाइने छैन ।

३०.६ बिरुवाको जात नामाकरणका सम्बन्धमा अन्य प्रावधानहरु तोकिए बमोजिम हुनेछन् ।

३१. **कृषकको जातको नामाकरणः**

३१.१ कृषकको जात नामाकरणको लागि चलनचल्तीको नाम प्रयोग गर्न प्राथमिकता दिइनेछ ।

३१.२ चलनचल्तीको नाम बाहेक अन्य नाम प्रयोग गरेमा दफा ३० बमोजिमको प्रावधान अपनाई नामाकरण गर्नुपर्नेछ ।

## परिच्छेद-६
## कसुर, क्षतिपूर्ति तथा दण्ड सजाय

३२. **कसूरः**

३२.१ देहायको कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः

३२.१.१झुट्टा विवरण दिई बिरुवाको जात दर्ता गराएमा,

३२.१.२दफा २३ मा उल्लेखित प्रजनकको अधिकार हनन गरेमा,

३२.१.३दफा ५ मा उल्लेखित कृषकको अधिकार हनन गरेमा,

३२.१.४यस ऐन बमोजिम दर्ता भएको बिरुवाको जातको नक्कल गरी झुक्याउने वा भ्रम पार्ने गरी त्यस्तो जातको विस्तार्य पदार्थको बिक्री वितरण, आयात, निर्यात वा अन्य कुनै किसिमले प्रयोग गरेमा ।

३२.१.५झुट्टा विवरण दिई बिरुवाको जातको नामाकरण गरी वा यस ऐन बमोजिम भएको नामाकरणको नक्कल गरी सो जातको विस्तार्थ पदार्थको बिक्री वितरण, आयात, निर्यात वा अन्य कुनै किसिमले प्रयोग गरेमा ।

३३. **दण्ड सजायः**

३३.१ दफा ३२ को देहायको खण्ड बमोजिमको कसूर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछः

३३.१.१ उपदफा (३२.१.१) बमोजिमको कसूर गर्नेलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

३३.१.२ उपदफा (३२.१.२) बमोजिमको कसूर गर्नेलाई एक वर्षसम्म कैद वा पाँचलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी क्षति पुग्न गएको व्यक्ति, समुदाय वा संस्थालाई उचित तथा मुनासिब माफिकको क्षतिपूर्ति भराईदिनेछ ।

३३.१.३ उपदफा (३२.१.३) बमोजिमको कसूर गर्नेलाई ६ महिनासम्म कैद वा तीनलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी क्षति पुग्न गएको व्यक्ति, समुदाय वा संस्थालाई उचित तथा मुनासिब माफिकको क्षतिपूर्ति भराईदिनेछ ।

३३.१.४ उपदफा (३२.१.४) बमोजिमको कसूर गर्नेलाई तीन महिनासम्म कैद वा दुईलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी क्षति पुग्न गएको व्यक्तिलाई उचित तथा मुनासिव माफिकको क्षतिपूर्ति भराईदिनेछ ।

३३.१.५ उपदफा (३२.१.५) बमोजिमको कसूर गर्नेलाई एक महिनासम्म कैद वा एकलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी क्षति पुग्न गएको व्यक्ति, समुदाय वा संस्थालाई उचित तथा मुनासिब माफिकको क्षतिपूर्ति भराईदिनेछ ।

३३.२ दफा ३९ को उपदफा (३९.१) बमोजिमको कसूर ठहर भएको अवस्थामा मुद्दा हेर्ने अधिकारीले देहायको कुनै वा सबै आदेश जारी गर्न सक्नेछः

३३.२.१प्रजनकको हकलाई पूर्व अवस्थामा संरक्षण गर्ने,

३३.२.२प्रजनकको हकमा भएको कुनै पनि उल्लङ्घनलाई तत्काल रोक्ने,

३३.३ कुनै दुराग्रह वा छलकपट बिना असल नियतले वा गरेको काम कारबाहीबाट प्रजनकको हक अधिकारमा हनन हुन गएको वा प्रजनकको हक स्थापित भएको छ भन्ने थाहा नपाएको कारणले आफूले गरेको काम कारबाहीबाट प्रजनकलाई हानी नोक्सानी पुग्न गएको कुरा मुद्दा हेर्ने अधिकारीलाई विश्वास लाग्न गएमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई पहिलो पटकको लागि दण्ड जरिवाना नगर्ने आदेश दिन सक्नेछ ।

३४. **मुद्दा हेर्ने अधिकारी र पुनरावेदनः**

३४.१ यस ऐन अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार रजिष्ट्रारलाई हुनेछ ।

३४.२ उपदफा (३४.१) बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्ने पक्षले पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

३५. **उजुरी गर्ने हदम्याद**ः दफा ३२ बमोजिम कसूर सम्बन्धी मुद्दामा उजुरी गर्ने हदम्याद त्यस्तो काम कार्बाही भए गरेको मितिले ६ महिनाभित्र उजूरी गर्नु पर्नेछ ।

## परिच्छेद-७
## विविध

३६. **रजिष्ट्रारको अधिकारः**

३६.१ यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

३६.१.१ प्रजनकको अधिकार बहाल रहेको अवधिभित्र कुनै पनि बखत रजिष्ट्रारले प्रजनकसँग प्रजनकले दर्ता गराएको नयाँ जात वा त्यसको विस्तार्य पदार्थ माग गर्न सक्नेछन् र दर्ता भएको अवस्थामा उल्लेख भएको गुणहरु कायम हुने गरी त्यस्तो नयाँ जातको व्यवस्थापन गर्ने,

३६.१.२ यो ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको प्रभावकारी कार्यान्वयन गराउन आवश्यकता अनुसार निरीक्षण, अनुगमन तथा सुपरिवेक्षण गर्ने गराउने,

३६.१.३ बिरुवाको नयाँ जातको विकास गर्न प्रोत्साहन गर्ने एवं कृषक र प्रजनकका अधिकारलाई संरक्षण गर्ने गराउने र बिरुवाको संरक्षित नयाँ जातका विशेषता पहिचान हुने गरी सम्बर्द्धन र अभिलेखिकरण गर्ने,

३६.१.४ विदेशबाट आयात गरिएका बिरुवालाई सूचिकरण गर्ने गराउने,

३६.१.५ दर्ता भएका बीऊ वा अन्य विस्तार्य पदार्थ यथेष्ट मात्रामा बजारमा उपलब्ध नभएमा आवश्यकता अनुसार बजारमा उपलब्ध हुने व्यवस्था गर्ने वा गराउने,

३६.१.६ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विकास गरिएका बिरुवाका नयाँ जात विकास गर्न प्रयोग गरिएको तरिका, प्रविधि र तथ्याङ्क संकलन गरी सरोकारवालालाई उपलब्ध गराउने ।

३७. **कृषकहरुको समूह वा संस्थाको गठन र संस्थापनाः** कृषकहरुको समूह वा संस्थाको गठन र संस्थापना तोकिए बमोजिम हुनेछ ।

३८. **दर्ता किताब अवलोकनः** कुनै पनि व्यक्तिले नियमद्वारा तोकिए बमोजिमको दस्तुर बुझाई कार्यालय समयभित्र दर्ता किताब अवलोकन गर्न र त्यसको प्रतिलिपी प्राप्त गर्न सक्नेछन् । तर कृषकको हकमा त्यस्तो किताब अवलोकन गर्न र प्रतिलिपि प्राप्त गर्न यो दस्तुर लाग्ने छैन ।

३९. **सार्वजनिक जानकारीको लागि प्रकाशन गर्नु पर्नेः** यस ऐन बमोजिम दर्ता भएका जात र सोसँग सम्बन्धित आवश्यक विवरण एवं यस ऐन अन्तर्गत निकाय एवं रजिष्ट्रारद्वारा गरिएका निर्णयहरु सार्वजनिक जानकारीको लागि विधुतीय संचार माध्यमद्वारा (इन्टरनेटद्वारा) एवं मुद्रणद्वारा प्रकाशन गर्नु पर्नेछ ।

४०. **नियम बनाउनेः** यो ऐनलाई कार्यान्वयन गर्नका लागि नेपाल सरकारले आवश्यक पर्ने नियमहरु बनाई लागू गर्नेछ ।